Government of Nepal
**National Reconstruction Authority**

# राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

# सञ्चार तथा वाह्य पहुँच रणनीति (२०७४-२०७७)

# बिषय सूची


१. परिचय ... १

२. सञ्चार रणनीति ... २

  २१. दूरदृष्टि ... २

  २२ लक्ष्य र उद्देश्यहरु. ... २

  २३ क्षेत्र. ... ३

  २४ मूलभूत सिद्धान्तहरु. ... ३

  २५ लक्षित वर्ग. ... ४

३. सन्देश विकास तथा प्रचार प्रसार ... ५

  ३१ एकद्वार नीति. ... ५

  ३२ सञ्चारका माध्यमहरु. ... ५

४. जोखिम तथा चुनौतीहरु ... ६

५. अनुगमन, प्रमाण र सिकाई ... ७

६. सञ्चार व्यवस्थापन ... ७

७. राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका अन्य महाशाखाहरु तथा कार्यहरुसँग समन्वय ... ८

# १. परिचय

२०७२ साल बैशाख १२ को विनाशकारी भूकम्प र त्यस पछिका परकम्पका कारण ८ हजार ७ सय ९० जना व्यक्तिको मृत्यु भयो। त्यसैगरी ७ लाख ५० हजार भन्दा बढी घरहरुमा क्षति पुग्यो। यसले संख्यात्मक हिसाबले ग्रामीण क्षेत्रमा ज्यादा क्षति पुऱ्यायो भने ठूलो वित्तीय क्षति शहरी क्षेत्रमा रह्यो। भूकम्प लगत्तै नेपाल सरकार, विकास साझेदारहरु, समुदायमा आधारित संघ-संस्थाहरु, सुरक्षा निकायहरु र व्यक्तिहरुले उद्धार तथा राहतमा मानवीय सहयोग गरे।

भूकम्पोत्तर पुनर्निर्माण तथा पुनर्स्थापना कार्यक्रमको योजना, कार्यान्वयन तथा समन्वयको अधिकारसहित २०७२ पुस १० गते राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको गठन भयो। पुनर्निर्माणका लागि प्राधिकरणको दूरदृष्टि 'योजनाबद्ध एवं सुरक्षित बसोबास तथा समृद्ध समाजको स्थापना' गर्नु हो। प्राधिकरणले देहाय बमोजिम उद्देश्य लिएको छ-

- आंशिक र पूर्णरुपमा क्षतिग्रस्त भएका आवासीय, सामुदायिक तथा सरकारी भवनहरु एवं पुरातात्विक संरचनाहरुको पुनर्निर्माण, प्रबलीकरण तथा पुनर्स्थापना गरी विपद् प्रतिरोधी बनाउन आवश्यकतानुसार स्थानीय प्रविधिको समेत प्रयोग गर्ने;
- क्षतिग्रस्त प्राचीन गाउँहरु तथा शहरहरुका संरचनाको विपद् प्रतिरोधी बनाउँदै मौलिक स्वरुपमा पुनर्निर्माण (पुनर्स्थापना) गर्ने;
- भूकम्प प्रभावित जिल्लाहरुमा जोखिममा रहेका मानिसहरु तथा समुदायको विपद् उत्थानशीलता विकास गर्ने;
- आर्थिक अवसर तथा जीविकोपार्जनका लागि उत्पादनशील क्षेत्रलाई पुनर्जीवित गर्दै नयाँ अवसरहरुको सिर्जना गर्ने;
- भूकम्पीय विज्ञानको अनुसन्धान र अध्ययन गर्दै भूकम्पबाट हुने क्षति र प्रभावहरु, भूकम्प पश्चातको पुनर्स्थापना, पुनर्निर्माण र पुनर्लाभ, पुनर्वास तथा विपद् जोखिम न्यूनीकरणमा पर्ने प्रभावबारे जानकारी लिने; तथा
- उपर्युक्त स्थलहरुको पहिचान गरी प्रभावित समुदायको पुनर्वास गराउने।

उल्लिखित उद्देश्यहरु हासिल गर्न प्राधिकरणले उपयुक्त, सामयिक र प्रभावकारी सञ्चार व्यवस्थापनलाई समग्र पुनर्निर्माण प्रकृयाको एक महत्वपूर्ण हिस्साको रुपमा लिंदै सञ्चार तथा वाह्य पहुँच रणनीतिको विकास गरेको छ। सञ्चार रणनीतिले संगठनको उद्देश्य हासिल गर्नका लागि गर्ने उद्देश्यमूलक सञ्चार कार्यलाई बुझाउँछ।

सञ्चार आवश्यकताको महत्वलाई बोध गरेर प्राधिकरणले एउटा पुनर्निर्माण सञ्चार कार्य समूह गठन गरेको थियो। यो समूहमा सरकारी निकायहरु, विकास साझेदार तथा कार्यान्वयन साझेदारहरु समाविष्ट थिए। विपद् पछिको आवश्यकता आँकलनमा उल्लिखित 'अझ राम्रो/सुरक्षित पुनर्निर्माण'को भावनाअनुसार प्राधिकरणको दूरदृष्टि एवम् उद्देश्यसँग प्रत्यक्ष मेल खाने गरी सञ्चार तथा वाह्य पहुँच रणनीति विकास गर्न पुनर्निर्माण तथा सञ्चार विज्ञहरु रहेको एउटा सञ्चार रणनीति तयारी उप-समूह गठन भएको थियो। यो रणनीतिले पुनर्निर्माण नीतिमा स्पष्ट गरिएको प्राधिकरणको दूरदृष्टि हासिल गर्ने उद्देश्यलाई सहयोग गर्नेछ।

# २. सञ्चार रणनीति

## २.१ दूरदृष्टि

प्रभावकारी सञ्चारमार्फत् योजनाबद्ध, सुरक्षित बसोबास एवम् समृद्ध समाजको स्थापना गर्ने उद्देश्य र लक्ष्यहरु हासिल गर्न सहयोग गर्ने ।

## २.२ लक्ष्य र उद्देश्यहरु

यो दस्तावेजले राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका कार्यका मूलभूत प्राथमिकताहरुलाई सही ढंगले प्रतिविम्बित गर्न र मुख्य कार्यहरुलाई विश्वसनीय तथा समयोचित सूचना प्रवाह गर्न प्राधिकरणको आन्तरिक र बाह्य सञ्चार रणनीतिलाई दिशा निर्देश गर्दछ। यसले प्राधिकरणका साझेदारहरुको सञ्चार योजना प्रक्रियालाई पनि मार्गदर्शन गर्दछ।

यो सञ्चार रणनीतिको मुख्य उद्देश्य अझ विस्तृत सञ्चार योजनाको विकासलाई मार्ग निर्देशन गर्न र जानकारी दिन आवश्यक संगठित आधारशीला उपलब्ध गराउनु हो।

**क) रणनीतिक लक्ष्यहरु**

- भूकम्प प्रभावित समुदायलाई पुनर्निर्माण प्रक्रिया सम्बन्धी उपयुक्त, समयोचित, सान्दर्भिक जानकारी उपलब्ध गराउनु एवं घरधनी तथा समुदायले कसरी सरकार/विकास साझेदारसम्म पहुँच हासिल गर्न सक्छन् भन्ने बारे सूचना दिनु।
- पुनर्निर्माणको कुन ढाँचा/उपागम अपनाउने भन्ने सम्बन्धमा निर्णय गर्न घरधनीलाई उपयुक्त, समयोचित र सान्दर्भिक जानकारी उपलब्ध गराउनु।
- अझ सुरक्षित र अझ दरिलो पुनर्निर्माणका लागि घरधनी एवं समुदायले उपयुक्त, समयोचित र सान्दर्भिक जानकारी प्राप्त गर्नु।
- निकायहरुका बीचमा तथा केन्द्रबाट जिल्ला हुँदै गाउँपालिका/नगरपालिकासम्म एवं स्थानीय तहदेखि केन्द्रसम्म पुनर्निर्माण सम्बन्धी अन्तर सरकारी सञ्चार सहज बनाउनु।
- प्राधिकरणलाई पुनर्निर्माण अवधिभर आमसञ्चार एवं अन्य सार्वजनिक सरोकारवालाहरुका बीच सकारात्मक सञ्जाल तथा बलियो सार्वजनिक सम्बन्ध सुनिश्चित गर्न सक्षम बनाउनु।

**ख) उद्देश्यहरु**

सञ्चार रणनीति यसका मूलभूत लक्ष्यहरुमा आधारित छ जुन सञ्चारका अपेक्षित नतिजा हासिल गर्ने गरी तय गरिएका छन्। रणनीतिको उद्देश्य पुनर्निर्माण र पुनर्लाभका क्षेत्रमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले लिएका समग्र क्षेत्रगत उद्देश्यहरु हासिल गर्न सहयोग गर्ने रहेको छ जसमा आवास निर्माण (ग्रामीण तथा शहरी क्षेत्र), विद्यालय/शैक्षिक पूर्वाधारहरु, स्वास्थ्य संस्थाहरु, सांस्कृतिक सम्पदा क्षेत्रहरु, पूर्वाधारहरु (सडक, पुल, खानेपानी आपूर्ति तथा सरसफाइ, सार्वजनिक संरचना तथा सरकारी पूर्वाधार), जीविकोपार्जन, अनुकूलन/विपद्का जोखिम न्यूनीकरण आदि पर्दछन्।

प्राधिकरणको पाँच वर्षको अवधिमा सञ्चार रणनीतिका कैयौं तत्वहरु परिमार्जित हुँदै जान सक्छन् तर उद्देश्यहरु भने संगतिपूर्ण, स्थायी र भरपर्दो तरिकाले सूचनाप्रद रहनेछन्। यसका उद्देश्यहरु निम्नानुसार छन् -

अ) प्रभावित घरधुरीहरुले पुनर्निर्माणको वित्तीय प्रक्रिया बुझ्ने गरी सूचना उपलब्ध गराउने।

आ) प्रभावित घरधुरीहरुले सुरक्षित पुनर्निर्माणको प्राविधिक प्रक्रिया सम्बन्धमा बुझ्ने गरी सूचना उपलब्ध गराउने।

इ) पुनर्निर्माण आफैमा नागरिक र समुदायले अगुवाई गरी अघि बढाउने प्रक्रिया हो भन्ने साझा बुझाईको अवस्था सिर्जना गर्ने।

ई) उत्थानशील समुदाय तथा दीगो जीविकोपार्जनको विकास गर्ने।

उ) राष्ट्रिय पुनर्निर्माण प्राधिकरणप्रति सबैले भरोसा गर्ने वातावरण सिर्जना गर्ने।

## २.३ क्षेत्र

सञ्चार रणनीतिले राष्ट्रिय पुनर्निर्माण प्रक्रियालाई सहयोग गर्न सञ्चारका विभिन्न पक्षहरुलाई जोड्ने काम गर्छ। खासगरी यो रणनीतिले सञ्चारका निम्न चारवटा प्राथमिकताहरुसँग सम्बन्धित सबै पक्षहरुलाई समेट्छ -

- **बाह्य सञ्चारः** प्रभावित जनसंख्या, स्थानीय सरकार, सरोकारवाला निकायहरु तथा पुनर्निर्माण प्रक्रियाका विभिन्न हिस्सेदारहरु।
- **आन्तरिक सञ्चारः** राष्ट्रिय पुनर्निर्माण प्राधिकरण भित्रको सञ्चार, पुनर्निर्माण प्रक्रियासँग सम्बन्धित विभिन्न सरकारी निकायहरु तथा मन्त्रालयहरु।
- **पहुँचः** समुदायलाई सहयोग गरिरहेका जस्तै इञ्जिनियर, स्थानीय अधिकारीहरुसँग प्रत्यक्ष अन्तरक्रियाहरु।
- **सार्वजनिक सम्बन्धः** आमसञ्चारको बृहत् सञ्जाल, विचार निर्माण गर्नेहरु तथा सूचना प्रवाह गर्नेहरुसँगको संचार।

## २.४ मूलभूत सिद्धान्तहरु

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको सञ्चार सम्बन्धी दृष्टिकोण विकास गर्ने क्रममा विपद् पश्चातको पुनर्लाभ कार्यढाँचा (पीडीआरएफ) मा उल्लिखित नतिजामा-आधारित सिद्धान्तका श्रृङ्खला तथा मूल्यहरुद्वारा निर्देशित हुनु महत्वपूर्ण हुन्छः

- **विश्वासको वातावरण सिर्जना गर्नेः** प्राधिकरणको सञ्चार रणनीतिले सबैभन्दा बढी प्रभावित, विस्थापित तथा पीडित समुदाय र पुनर्निर्माण प्रयासलाई सहयोग गरिरहेका सरकारी अंगहरुबीच विश्वासको वातावरण सिर्जना गर्नुपर्छ। त्यसका लागि जेजस्ता सूचना प्रवाह गरिन्छ, ती विश्वसनीय र सबैका लागि बुझिने बनाउन राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले प्रयास गर्नेछ। प्राधिकरणले उच्चस्तरको सत्यनिष्ठता सहित विश्वसनीय सूचना उपलब्ध गराउने छ।
- **सहभागितालाई प्रोत्साहन गर्नेः** पुनर्निर्माण सफल हुन प्रभावित घरधनी तथा तिनका परिवार एवं समुदायको संलग्नता र सहभागिता आवश्यक छ। प्राधिकरणले पुनर्निर्माण प्रक्रियामा राष्ट्रिय सहभागिता एवं सार्वजनिक अपनत्वलाई प्रोत्साहित गर्नेगरी सञ्चार गर्नेछ। प्रभावकारी

सञ्चारका लागि प्राधिकरणले सामूहिक प्रयास र एकअर्कालाई प्रेरित गर्ने तथा मिलेर काम गर्ने भावनाको विकास गर्नु आवश्यक पर्छ भन्ने कुरामा विश्वास गर्छ ।

- **विश्वसनीयता बढाउनेः** प्राधिकरणले आफ्नै नेतृत्वमा गर्ने वा कार्यान्वयन निकायबाट हुने पुनर्निर्माण र उत्थानशील पुनर्लाभिका कार्यक्रमहरुको प्रभावकारिताका लागि जनविश्वास आर्जन गर्न आवश्यक कदमहरु चाल्नेछ।
- **पारदर्शी हुनेः** विश्वासको वातावरण सिर्जना गर्न, सहभागितालाई प्रोत्साहित गर्न र विश्वसनीयता बढाउन प्राधिकरण आफ्ना सबै क्रियाकलापमा पारदर्शी हुन आवश्यक छ।
- **समान बुझाईको अवस्था सिर्जना गर्नेः** प्राधिकरणले विश्वासको वातावरण सिर्जना गर्न तत्काल कदमहरु चाल्दा सरकारी निकायहरु, सरकारका विभिन्न तह, निजी क्षेत्र र नागरिक समाज बीच हामीले चाल्न खोजेको कदम र अगाडिको प्रस्तावित बाटो बारेमा समान धारणा बनाउनु आवश्यक हुन्छ ।

## २.५ लक्षित वर्ग

सञ्चार रणनीतिको उद्देश्य खण्डमा उल्लिखित क्षेत्रसँग सम्बन्धित वर्ग नै सञ्चारका लक्षित वर्ग भएकोले तदनुरुपको लक्ष्य हासिल गर्न गरिने सञ्चार गतिविधिहरु उद्देश्य पिच्छे विशेष खालका र फरकफरक हुन सक्छन्। सबै लक्षित वर्ग कुनै विशिष्ट उद्देश्य तथा सह-उद्देश्य हासिल गर्न संलग्न हुने भएकोले प्राथमिक लक्षित वर्ग निम्नानुसार हुनेछन्ः

**उद्देश्य १ः प्रभावित घरधुरीहरुले पुनर्निर्माणको वित्तीय प्रक्रिया बुझ्ने गरी सूचना उपलब्ध गराउने**

- घरधनीहरु, प्रभावित घरधुरी तथा परिवारहरु।
- पुनर्लाभिका प्रयत्नहरुमा प्रत्यक्ष नेतृत्व/सहयोग गरिरहेका सरकारी निकायहरु।
- पुनर्लाभिका प्रयासमा सहयोग गरिरहेका विकास साझेदारहरु, गैरसरकारी संस्थाहरु तथा दातृ निकायहरु।
- निजी क्षेत्र, गुठी तथा स्थानीय सामुदायिक समूह लगायतका सरोकारवालाहरु।

**उद्देश्य २ः प्रभावित घरधुरीहरुले सुरक्षित पुनर्निर्माणको प्राविधिक प्रक्रिया सम्बन्धमा बुझ्ने गरी सूचना उपलब्ध गराउने**

- घरधनीहरु, प्रभावित घरधुरी तथा परिवारहरु।
- डकर्मी तथा इञ्जिनियरहरु।
- पुनर्लाभिका प्रयासमा सहयोग गरिरहेका विकास साझेदारहरु, गैरसरकारी संस्थाहरु तथा दातृ निकायहरु।
- निजी क्षेत्र, गुठी तथा स्थानीय सामुदायिक समूह लगायतका सरोकारवालाहरु।

**उद्देश्य ३ः पुनर्निर्माण आफैमा नागरिक र समुदायले अगुवाई गरी अघि बढाउने प्रक्रिया हो भन्ने साझा बुझाईको अवस्था सिर्जना गर्ने**

- घरधनीहरु, प्रभावित घरधुरी तथा परिवारहरु।
- गैरसरकारी संस्थाहरु, गुठी तथा स्थानीय सामुदाय तथा युवा समूहहरु।
- राजनीतिक दलहरु एवं स्थानीय तहका निर्वाचित जनप्रतिनिधिहरु।

**उद्देश्य ४: उत्थानशील समुदाय तथा दीगो जीविकोपार्जनको विकास गर्ने**

- घरधनीहरु, प्रभावित घरधुरी तथा परिवारहरु।
- राष्ट्रिय एवं अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरु।
- विकास साझेदारहरु, गैरसरकारी तथा दातृ समुदाय र वैदेशिक सरकारहरु।
- राजनीतिक दलहरु एवं स्थानीय तहका निर्वाचित जनप्रतिनिधिहरु।
- गैरसरकारी एवं सामुदायिक संस्थाहरु।

**उद्देश्य ५: राष्ट्रिय पुनर्निर्माण प्राधिकरणप्रति सबैले भरोसा गर्ने वातावरण सिर्जना गर्ने**

- पुननिर्माण तथा र उत्थानशील पुनर्लाभमा प्रत्यक्ष वा परोक्ष संलग्न भएका सबै व्यक्ति तथा सरोकारवालाहरु।

# ३. सन्देश विकास तथा प्रचार प्रसार

## ३.१ एकद्वार नीति

सञ्चार गरिने सबै सन्देशहरु प्राधिकरणको नीति र कार्यविधि अनुसार हुनु पर्छ। प्राधिकरणले सूचनाको विकास र प्रचार प्रसारमा मार्ग निर्देशन गर्नेछ। सबै सञ्चार सामग्रीको तयारी र प्रचारप्रसार गर्नुपूर्व प्राधिकरणले जाँच गरी स्वीकृतिको प्रक्रिया अवलम्बन गर्नेछ।

पुनर्निर्माण प्रक्रियासँग सम्बन्धित सूचना प्रसारका सम्बन्धमा, प्राधिकरणले भूकम्पपछिको पुनर्निर्माण तथा पुनर्लाभसँग सम्बन्धित सूचना प्रसार गर्ने आधिकारिक संस्थाका रुपमा काम गर्नेछ। प्राधिकरणबाहेक बाह्य निकायबाट सूचना प्रसारका हकमा प्राधिकरणले विकास साझेदार, साझेदार संगठनहरु तथा प्रभावित समुदायहरु लगायत अन्य साझेदारहरुलाई यो प्रक्रियामा मार्ग निर्देशन गर्ने छ।

## ३.२ सञ्चारका माध्यमहरु

सञ्चारका माध्यमहरुको प्रयोग मूलतः हासिल गर्नुपर्ने उद्देश्यहरु, लक्षित वर्ग र सम्पादन गर्नुपर्ने क्रियाकलापहरुको क्षेत्रमा निर्भर गर्छ। जस्तै, तल प्रयोग गर्न सकिने मुख्य माध्यमहरुको सूची उल्लेख गरिएको छ। यद्यपि यो सूची प्रत्येक उद्देश्य र गतिविधिको आवश्यकताअनुसार फरक हुन सक्छ।

- प्रसारण, विद्युतीय तथा छापा माध्यम।
- मोबाइल, डिजिटल एवं सामाजिक सञ्जालको माध्यम।
- प्रत्यक्ष, व्यक्ति-व्यक्तिबीच।
- प्रत्यक्ष, सामुदायिक बैठक तथा सार्वजनिक सुनवाई।
- पम्प्लेटहरु र पोस्टरहरु।
- टेलिफोन सूचना सम्पर्कहरु (प्रत्यक्ष र स्वचालित)।
- तेस्रोका पक्ष बैधकर्ताहरु र सञ्चार संवाहकहरु।

# ४. जोखिम तथा चुनौतीहरु

सञ्चार रणनीतिको कार्यान्वयनका क्रममा देहयका जोखिम तथा चुनौतिहरु पहिचान गरिएको छः

| क्र.सं. | जोखिम तथा चुनौतिका प्रकार | अनुकूलनका उपाय | जोखिम–स्तर |
|---|---|---|---|
| १. | सञ्चार रणनीति तथा योजनालाई सहयोग गर्न आर्थिक स्रोतको अपर्याप्तता | प्राधिकरणले बजेट तर्जुमा/योजना गरेर सञ्चार रणनीति र योजनाको कार्यान्वयनमा सहयोग गर्न वित्तीय स्रोत उपलब्ध गराउने। | |
| २. | अपर्याप्त जनशक्ति | • प्राधिकरणले आफ्नो सञ्चार रणनीति र योजनाको नेतृत्व गर्न पूर्णकालीन सरकारी अधिकारी खटाउने,<br>• कार्ययोजनालाई कार्यान्वयन गर्न प्राधिकरणको सञ्चार नेतृत्वलाई सहयोग गर्ने गरी पूर्णकालीन सञ्चार समूह गठन गर्ने,<br>• सञ्चार समूहका सदस्यहरुको सञ्चार सीप र क्षमता विकास गर्न तालिमका अवसरहरुमा पहुँच उपलब्ध गराउने। | |
| ३. | प्रभावकारी सञ्चारका लागि अपर्याप्त राजनीतिक समर्थन | • प्रमुख कार्यकारी अधिकृत तथा कार्यकारी समिति सदस्यहरुले सञ्चारको महत्वका बारेमा आमसहमति निर्माण गर्ने र पुनर्निर्माणसँग सम्बन्धित सन्देशहरुको प्राथमिकता साथ प्रभावकारी सञ्चारको नेतृत्व दिने। | |
| ४. | सम्बन्धित सरोकारवालाहरुलाई समयमै र प्रभावकारी सञ्चार नहुँदा केही क्षेत्रमा पुनर्निर्माणको गति सुस्त हुने | • वर्तमान परिवेश र विषयवस्तुलाई मध्यनजर गर्दै एउटा कार्ययोजना विकास गरिएको छ।<br>• कार्ययोजनाले निश्चित समय सीमा अनुसार काम गर्नेछ (जस्तैः मुख्य पुनर्निर्माण हुने ऋतु अगावै समयोचित सञ्चार कार्य निकै महत्वपूर्ण हुन्छ)। | |
| ५. | राजनीतिक अनिश्चयले नेतृत्व परिवर्तन हुन सक्ने | नेतृत्वमा हुन सक्ने परिवर्तनलाई अवशोषित गर्नसक्ने गरी प्राधिकरणले आन्तरिक सञ्चार क्षमता विस्तार गर्नेछ ताकि कार्ययोजना कार्यान्वयनमा न्यूनतम नकारात्मक प्रभाव परोस्। | |
| ६. | गलत/अपर्याप्त सूचनाका कारण मापदण्ड नपुगेका आवास निर्माण हुन सक्ने | • सबै आन्तरिक/अन्तर-सरकारी पुनर्निर्माण अभियन्ताहरुले नेपाल सरकार/प्राधिकरणका नीति बमोजिम हुने गरी सूचना सञ्चार गर्नेछन्।<br>• प्राधिकरणले सबै आन्तरिक/अन्तर-सरकारी कर्मचारी तथा फिल्डमा खटिएकाहरु माझ प्राधिकरणका नीति तथा कार्यविधिका मूलभूत सूचना बुझ्ने र सञ्चार गर्न सक्ने सुदृढ संयन्त्र स्थापना गर्ने र उनीहरुलाई | |

| | | | |
|---|---|---|---|
| | | सान्दर्भिक नीति तथा कार्यविधिबारे अद्यावधिक गराइरहने छ।<br>• साझेदार संस्थाहरुका फिल्ड कर्मचारीले स्थानीय स्तरमा/घरधुरी तहमा नेपाल सरकारका फिल्ड कर्मचारीहरुसँगको समन्वयमा काम गर्ने ताकि समान सूचना आदानप्रदान गर्न सकियोस्। | |
| ७. | कमजोर समन्वयको अवस्था सिर्जना हुन सक्ने | प्राधिकरण र सम्बन्धित साझेदारहरुले एउटै काम नदोहोरिने गर्ने सञ्चारका माध्यमहरुको प्रयोगलाई सशक्त बनाउन सुदृढ समन्वय संयन्त्र सुनिश्चित गर्ने। | |

# ५. अनुगमन, प्रमाण र सिकाई

सञ्चारका लक्षित वर्गलाई आवश्यक पर्ने सूचना र विभिन्न सञ्चार गतिविधिको प्रभावका बारेमा मूल्यांकन गर्न राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको सञ्चार इकाईले सरकारी निकायहरु एवं विकास साझेदार संस्थाहरुसँग नियमित रुपमा छलफल गर्नेछ। उक्त छलफलबाट प्राप्त निष्कर्षलाई सूचना तथा सञ्चार कार्ययोजना र प्राधिकरणको परियोजना अनुगमन सूचना प्रणाली (पीएमआइएस) मा निरन्तर अद्यावधिक गरिनेछ।

# ६. सञ्चार व्यवस्थापन

प्राधिकरणको सञ्चार समूहले तत्काल जवाफ दिनुपर्ने, परामर्श गर्नुपर्ने तथा जानकारी उपलव्ध गराउन र प्रश्नहरुको उत्तर दिनुपर्ने विषयवस्तुको समीक्षा गर्नेछ। यो संरचनाको मुख्य कार्य प्राधिकरणद्वारा निर्मित तथा प्रवर्द्धित मुख्य सन्देशहरुका साथसाथै नीति तथा कार्यविधिहरुसँग सम्बन्धित महत्वपूर्ण सन्देशहरुको प्रसारका लागि समन्वय गर्न मार्गनिर्देशन गर्नु हुनेछ। यो संरचनाले सञ्चार रणनीति तथा सम्बद्ध कार्ययोजनाको कार्यान्वयन सुनिश्चित गर्नेछ। यसले सञ्चार सँग सम्बन्धित सबै गतिविधिहरुका लागि केन्द्र बिन्दुको रुपमा कार्य गर्नेछ। यसमा सरकारी कर्मचारी, बाह्य परामर्शदाता र बिज्ञहरु संलग्न हुनेछन्।

सञ्चारको प्रभावकारिता सुनिश्चिन गर्न केन्द्रीय स्तरमा सूचना तथा सञ्चार शाखा र प्राधिकरणका विभिन्न कार्यालयमा सूचना तथा सञ्चार डेक्स स्थापना गरिएको छ। यो संरचनाको मुख्य कार्य प्राधिकारद्धारा बनाइएका नीति तथा कार्यविधिसँग सम्बन्धित महत्वपूर्ण सन्देशहरु प्रचारप्रसार गर्ने तथा सञ्चार रणनीति तथा सम्बद्ध कार्ययोजनाको कार्यान्वयन सुनिश्चितका गर्नु हुनेछ।

प्राधिकरणले एउटा पेशाविद्ले जस्तै सञ्चार सञ्चालनको गर्नेछ। प्रमुख कार्यकारी अधिकृत प्रमुख संचारकर्ता हुनेछन् भने सञ्चारका कार्यालयका लागि कमसेकम एक जना प्रवक्ता (सञ्चार प्रमुखका रुपमा) एक सूचना अधिकारी, एकजना सञ्चार विज्ञ र डिजिटल तथ्यांक र फिल्डस्तरको सञ्चारको जिम्मेवारी सम्हाल्न प्राविधिक कर्मचारीको व्यवस्थापन गर्नु गरिनेछ। सञ्चार कार्यालयलाई आवश्यकता अनुसार सामग्री/उत्पादन टोलीसम्म पहुँच प्रदान गरिनेछ।

यसबाहेक, रणनीतिक तहमा सन्देशहरुको विकास तथा प्रसार प्रक्रियालाई मार्गनिर्देशन गर्न प्राधिकरण कार्यकारी समिति सदस्यको नेतृत्वमा एउटा सञ्चार उपसमिति गठन गरिएको छ। यो समितिको बैठक आवश्यकताअनुसार बस्नेछ। त्यसैगरी, प्रवक्ताको नेतृत्वमा सञ्चार कार्य समूह गठन गरिएको छ जसले सम्बन्धित सञ्चार सामग्रीको आवश्यक जाँच गर्ने र पुनर्निर्माण प्रगतिलाई निर्बाध ढङ्गले अघि बढाउन अन्तर-सरकारी सञ्चारलाई सुनिश्चित गर्नेछ। सञ्चार उपसमिति र सञ्चार कार्य समूहको संरचना निम्नानुसार हुनेछः

क) सञ्चार उपसमिति

| | |
|---|---|
| अ) सदस्य, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, कार्यकारी समिति | अध्यक्ष |
| आ) सदस्य, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, कार्यकारी समिति | सदस्य |
| इ) सचिव, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण | सदस्य सचिव |

ख) सञ्चार कार्य समुह

| | |
|---|---|
| अ) प्रवक्ता, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण ( सह-सचिव) | संयोजक |
| आ) प्रमुख, नीति अनुगमन, समन्वय तथा सामाजिक विकास महाशाखा | सदस्य |
| इ) बिज्ञ, (आवश्यकताअनुसार) राष्ट्रिय पुनर्निर्माण प्राधिकरणद्वारा नियुक्त | सदस्य |
| ई) प्रमुख, सञ्चार तथा सूचना शाखा, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, | सदस्य |
| उ) सह-प्रवक्ता, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, (उपसचिव) | सदस्य-सचिव |
| ऊ) मिडिया तथा सञ्चार समूह, , राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, | आमन्त्रित |

## ७. राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका अन्य महाशाखाहरु तथा कार्यहरुसँग समन्वय

सूचना व्यवस्थापन शाखाले अन्य महाशाखाहरुसँग निकट समन्वयमा रही काम गर्नेछ। बजेट तथा बिकास सहायता समन्वय शाखा र नीति, अनुगमन, समन्वय तथा सामाजिक बिकास शाखासँग निकट भएर काम गर्ने गरी प्राधिकरणमा एउटा यस्तो संयन्त्र बनाइनेछ ता कि प्रभावित क्षेत्रका नागरिकहरु सुसूचित हुनेछन् र प्राधिकरणले उपलव्ध गराउने सेवाहरुमा सहज पहुँच पुग्नेछ।